नगर उपप्रमुख श्री मुना अधिकारीज्यूद्वारा मिति २०८० आषाढ १० गते
गोदावरी नगरपालिकाको तेह्रौ नगरसभा समक्ष प्रस्तुत एवं पारित
आर्थिक वर्ष २०८०/०८१ को

# बजेट तथा कार्यक्रम

सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू,

नगरसभा सदस्यज्यूहरू !

दाजुभाई तथा दिदीबहिनीहरू !

गोदावरी नगरपालिकाको उप-प्रमुखको हैसियतले यस सम्मानित तेह्रौ नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०८०/८१को नीति तथा कार्यक्रम कार्यान्वयनको आर्थिक दस्तावेज (बजेट) प्रस्तुत गरिरहँदा अत्यन्तै गौरवान्वित महसुस गरिरहेको छु ।

यस महत्वपूर्ण अवसरमा विभिन्न कालखण्डहरूमा नेपालको राजनीतिक परिवर्तनका लागि जीवन अर्पण गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरू तथा कोरोना महामारीबाट ज्यान गुमाएका नागरिकहरू प्रति भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

सुशासन र विकासद्वारा समृद्दि हासिल गर्नु तथा समृद्दिलाई सामाजिक न्याय र समानताको जगमा उभ्याई पर्यावरणिय सुरक्षा र नागरिकको सुख सुनिश्चित गर्नु आजको आवश्यकता हो।

आम नगरवासीको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा सिमान्तकृत, आर्थिक रुपमा पछ्याडि रहेका वर्ग, लिङ्ग, क्षेत्र र समुदायलाई आर्थिक लाभको पहुचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु। मैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नगरबासीको अपेक्षालाई सम्बोधन गर्ने र नगरपालिकाको विकासमा देखिएका अप्ठेरोहरुलाई हटाई नगरबासिमा आशा र भरोसाको संचार गर्ने जिम्मेवारी बोध गरेको छु।

समृद्दि र सुखको लक्ष्य र गन्तब्य निर्धारण गरी गरिबी निवारण, शिक्षा, स्वास्थ्य, खानेपानि,लैङ्गिक समानता लगायतका सामाजिक क्षेत्र एवम भौतिक पुर्बाधार तथा पर्यटकिय क्षेत्रमा उल्लेखनिय उपलब्धि हासिल गर्ने दिर्धकालिन लक्ष्य साथ नगरपालिका अगाडी बढीरहेको स्मरण गराउन चाहन्छु।

यस नगर क्षेत्रलाई उन्नतिको अर्को बिन्दुमा पुर्याउन नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरपालिकाका विगतका अर्थिक ऐन, विनियोजन ऐन, नगरपालिकाको नीति तथा कार्यक्रम, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, नगरपालिकाले तयार पारेको प्रथम आवधिक योजना, विषयगत समितिका सुझावहरू, दिगो विकासका लक्ष्यहरू, नगरसभाका सदस्यज्यूहरूले दिनु भएका सुझावहरू, विषय विज्ञ, पूर्व राष्ट्रसेवक सहितका कर्मचारीहरू, राजनीतिक दलमा आवद्ध साथीहरू, विभिन्न संघ-संस्था तथा नगर क्षेत्र भित्रका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीबाट प्राप्त महत्वपूर्ण र कार्यान्वयन योग्य सुझावहरूलाई समेत समेटी आगामी आर्थिक वर्ष २०८०/०८१को अनुमानित आय-व्यय तर्जुमा गरिएको छ ।

आगामी आर्थिक वर्ष २०८०/०८१को अनुमानित आय-व्यय प्रस्तुत गर्नु पूर्व म यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को आर्थिक अवस्थाको संक्षिप्त जानकारी गराउन चाहन्छु ।

आन्तरिक राजश्व तर्फ रू.२२ करोड,

गत आर्थिक वर्षको अल्या रू.५३ करोड ४३ लाख ९१ हजार,

संघीय सरकार समानीकरण अनुदान तर्फ रू.२२ करोड ५५ लाख,

संघिय सरकार शशर्त चालु ३६ करोड ७१ लाख

संघिय सरकार शशर्त पुजीगत २ करोड ४८ लाख

संघिय सरकार समपूरक अनुदान १ करोड ,

संघिय सरकार बिशेष  अनुदान ३ करोड ६५ लाख,

संघीय सरकार राजश्व बाँडफाँड तर्फ रू.१३ करोड३७ लाख ७२ हजार ,

प्रदेश सरकार शशर्त अनुदान २ करोड ११ लाख १८ हजार

प्रदेश सरकार समानीकरण अनुदान तर्फ रू.२ करोड २५ लाख३१ हजार,

प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ रू.४ करोड ९३ लाख ३१ हजार,

मालपोत राजश्व बाँडफाडबाट रू.६७ करोड,

प्रदेश सरकार समपूरक अनुदान २ करोड ९९ लाख ५७ हजार,

लागत सहभागीता २ करोड ५० लाख,

गरी कूल रू.२ अर्ब ३७ करोड  अनुमानित आय अनुमान भएकोथियो ।

**जस मध्ये चालु आर्थिक वर्ष २०७९/०८० को आषाढ ०८ गते सम्म**

संघीय सरकार समानीकरण अनुदान तर्फ रू.१९ करोड ७२ लाख २४ हजार ५ सय,

संघिय सरकार सशर्त अनुदान चालु ३७ करोड ९४ लाख १८ हजार,

संघिय सरकार सशर्त अनुदान पुजीगत १ करोड २५ लाख ७५ हजार,

संघिय सरकार विशेष अनुदान २ करोड ७३ लाख ७५ हजार,

संघिय सरकार समपुरक अनुदान ५७ लाख १६ हजार ,

घर जग्गा रजिष्टेसन दस्तुर २४ करोड २ लाख ३० हजार २४

बाडफाड भई प्राप्त हुने मुल्य अभिबृद्दि कर ५ करोड ५२ लाख ५८ हजार ७ सय ७५

बाडफाड प्राप्त हुने अन्तशुल्क २ करोड १२ लाख५४ हजार ३ सय ३

बाडफाड बाट प्राप्त हुने सवारी साधन कर ४ करोड २६ लाख ४२ हजार ७३

बाडफाड भई प्राप्त हुने बन रोयल्टी ७८ हजार ९ सय पैतालिस

बाडफाड भई प्राप्त हुने खानी तथा खनिज सम्बन्धि रोयल्टी २९ लाख ३७ हजार ७ सय ४०

प्रदेश सरकार समानीकरण अनुदान तर्फ रू.१ करोड ६८ लाख ९८ हजार २ सय ५०,

प्रदेश सरकार सशर्त अनुदान चालु रू.१ करोड ३५ लाख ८८ हजार ५ सय ,

प्रदेश सरकार समपुरक अनुदान १ करोड ८१ लाख ८८ हजार ,

जनसहभागीता बापत ९६लाख ६५ हजार, ८ सय ६८

गत आर्थिक वर्षको अल्या बैङ्ग मौज्दात रू.१ अर्ब ५६ करोड ६५ लाख ८८ हजार ९ सय ४६ सहित आन्तरीक श्रोत १ अर्ब ७२ करोड ७५ लाख ६३ हजार ४ सय ५५ गरी कुल रू.२ अर्ब ७७ करोड ५ लाख ७४ हजार ४ सय ३४ आय भएको छ ।

त्यसै गरी चालु आर्थिक वर्षको लागि यस नगरपालिकाको

चालू खर्च तर्फ रू १ अर्व.९९ लाख २७ हजार

पूँजीगत तर्फ रू. १ अर्ब ३६ करोड १० लाख १२ हजारको अनुमानित व्यय भएकोमा,

चालु आर्थिक वर्षको आषाढ ८ गते सम्म चालू खर्च तर्फ रू.६७ करोड ११ लाख२३ हजार ८९ (६६%) पूँजीगत तर्फ रू.५९ करोड ३६ लाख ८ हजार १२८ (४३%) गरी कूल रू. १ अर्व २६ करोड ४७ लाख ३१ हजार २ सय १७ (५४%) खर्च भएको छ ।

आदरणीय नगरसभा सदस्यज्युहरू !

अब म यस सम्मानित नगरसभा समक्ष यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को अनुमानित आय-व्यय तथा वार्षिक बजेट प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८०/८१को लागि

आन्तरिक राजश्व तर्फ रू.२५ करोड,

गत आर्थिक वर्षको अल्या रू.७२ करोड ३२ लाख१८ हजार,

संघीय सरकार समानीकरण अनुदान तर्फ रू.१९ करोड ४७ लाख,

संघिय सरकार शशर्त चालु४० करोड ४७ लाख

संघिय सरकार शशर्त पुजीगत५० लाख

संघिय सरकार समपूरक अनुदान ८० लाख,

संघिय सरकार बिशेष अनुदान ४ करोड ,

संघीय सरकार राजश्व बाँडफाँड तर्फ रू.१३ करोड१० लाख ७९ हजार ,

प्रदेश सरकार शशर्त अनुदान २ करोड ३० लाख २६ हजार

प्रदेश सरकार समानीकरण अनुदान तर्फ रू.२ करोड १२ लाख२१ हजार,

प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ रू.५ करोड ४० लाख ५६ हजार,

मालपोत राजश्व बाँडफाडबाट रू.४० करोड,

प्रदेश सरकार समपूरक अनुदान ३ करोड,

प्रदेश सरकार बिशेष अनुदान १ करोड

ललितपुर महानगरपालिका ५० लाख

सडक बोर्ड ५० लाख

लागत सहभागीता २ करोड ५० लाख,

गरी कूल रू.२ अर्ब ३३ करोड अनुमानित आय अनुमान गरेको छु।

यसै गरी यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को चालू खर्च र पुजीगत खर्च तर्फ विकास निर्माणलाई गति दिन क्षेत्रगत योजना आयोजना तथा कार्यक्रमहरू गरी कूल रू. २ अर्ब ३३ करोड को ब्यय प्रस्तुत गरेको छु ।

**क्र.सं. योजना, आयोजना तथा कार्यक्रम बिनियोजित रकम**

**क प्रशासनिक खर्च ३० करोड**

**ख सार्बजनिक सेवा तथा बिकास निर्माण १ अर्ब २६ करोड ४२ लाख ७४ हजार**

**ग वडास्तरीय योजनाहरू (साबिकका योजना सहित) २१ करोड**

**घ संघ प्रदेश अन्य निकायबाट शर्त सहित प्राप्त शशर्त कार्यक्रमहरू ५५ करोड ५७ लाख २६ हजार मात्र**

**जम्मा २ अर्ब ३३ करोड/-**